लेटाङ नगरपालिका नगर कार्यपालिकाको मिति २०८३/०७/१३ गतेको बैठकको निर्णयः

बैठक संख्या – ९४
बैठक मिति - २०८३/०७/१३
प्रमाणिकरण मिति- २०८३/०७/१६

निर्णय नं.	प्रस्ताव/ विषय	प्रस्तावित निर्णय
१	अघिल्लो बैठकको समिक्षा	लेटाङ नगरपकार्यपालिकाको अघिल्लो बैठकको निर्णय कार्यन्यनको समीक्षा गरियो । अधिकांश निर्णयहरु कार्यान्वयनको क्रममा रहेको पाईयो ।
२	कार्यबिधि सम्बन्धमा।	क. लेटाङ नगरपालिकाको विधायन समिति मार्फत प्राप्त तपसिल बमोजिमका कार्यविधि स्विकृत गर्ने । तपसिलः १. लघु उद्यम निजी तथा साझेदारी फर्म दर्ता कार्यविधि, २०८३ २. स्वास्थ्य संस्था दर्ता सञ्चालन अनुमती तथा नविकरण सम्बन्धि कार्यविधि,२०८३ ३. लघु घरेलु तथा साना उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण कार्यविधि,२०८३ ख. विषयगत शाखावाट पेश भई आएका तपसिल बमोजिमका कार्यविधिलाई छलफल र सुधारका लागि विधायन समितिमा पठाउने। तपसिलः १. सामुदायिक वन ब्यवस्थापन कार्यविधि २. होमस्टे (घरवास) सञ्चालन व्यवस्थापन तथा नियमन कार्यविधि ३. हिउँदे खेतिको लागि ट्र्याक्टर जोत्दा अनुदान कार्यबिधि
३	विद्यालय छनौट सम्बन्धमा ।	नेपाल सरकारबाट स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकास अन्तरगत विद्यालय भवन निर्माण गर्न श्री महेन्द्र माध्यमिक विद्यालय लेटाङ-७ लाई छनौट गर्ने र लागत साझेदारी गर्ने ।
४	योजनाको म्याद थप सम्बन्धमा ।	यस नगरपालिका अन्तरगत आर्थिक वर्ष २०८२/८३ को ठेक्का नं. LM/MOR/NCB/W/2082-83-014 Construction of Raja Rani Sagma Main Road को कार्य सम्पन्न गर्ने म्याद २०८३ असोज मसान्त सम्म रहेकोमा बाढी, पहिरो तथा सामाग्री ब्यवस्थापनको अभावको कारण देखाई म्याद थप गरिपाँउ भनि आवश्यक कागजात सहित प्राप्त निवेदन र प्राविधिक शाखाको राय बमोजिम अन्तिम पटकको लागि २०८३ साल पौष मसान्तसम्म म्याद थप गर्ने ।
५	उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाको सम्झौता गर्ने सम्बन्धमा ।	१. लेटाङ नगरपालिकाको नगरसभाको उन्नाईसौ अधिवेशनले स्वीकृत गरेका तथा उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरु २०८३ साल मंसिर १५ गते भित्र सम्झौता कार्य सम्पन्न गर्ने । २. मेसिन प्रयोग गरी सञ्चालन हुने योजनाको हकमा उपभोक्ता समिति मार्फत कार्यगर्न नमिल्ने भएबमोजिम अन्य उपयुक्त खरिद विधि प्रयोग गरी कार्य सम्पन्न गर्ने ।
६	सडक बोर्ड सँग साझेदारी सम्बन्धमा।	आ.व.२०८३/८४ मा सडक बोर्डसँगको साझेदारीमा तपसिलको सडक मर्मत सम्भार गर्ने । तपसिलः • कृषि मार्ग स्तरउन्नती - लेटाङ,५

लेटाङ नगरपालिका नगर कार्यपालिकाको मिति २०८३/०७/१३ गतेको बैठकको निर्णयः

		(साझेदारी श्रोतः भैपरि आउने पूँजिगत खर्च, सडक मर्मत संभार कोष)
७	आ.व.२०८३/८४ को पहिलो चौमासिक भौतिक/ वित्तीय समिक्षा	लेटाङ नगरपालिकाको नगरसभाको उन्नाईसौ अधिवेशनवाट स्वीकृत वजेट तथा कार्यक्रमको पहिलो त्रैमासिक भित्र भएको भौतिक तथा वित्तीय प्रगतीको समीक्षा गरियो। प्रथम त्रेमासिकमा चालु खर्च २२।३७% र पुँजिगत खर्च १२।५२% खर्च भएको पाइयो। तसर्थ आगामी दिनहरूमा पूर्जिगत खर्च बृध्दि गर्न सवै पक्षले तदारुपताका साथ लाग्न कार्यालयलाई निर्देशन दिने।
८	नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा।	लेटाङ नगरपालिकाको मितिः२०८३।०६।१३ गतेको कार्यपालिका बैठकबाट स्थानीय स्तरमा घर, ग्वाली निर्माणका लागि निर्माण सामाग्रीहरूको अभाव हुन नदिन उपर्युक्त विधिको छनौट गरी नगरपालिकालाई सिफारिस गर्न समिति गठन भएकोमा उक्त समितिको देहाय बमोजिमको सिफारिस प्राप्त भएकाले उक्त विधिलाई सर्वसम्मत स्विकृत गर्ने। देहायः १.लेटाङ नगरपालिका क्षेत्रभित्र पर्ने खोलाहरूबाट नदीजन्य पदार्थ संकलन/निकासी गर्दा कोशी प्रदेश आर्थिक ऐन बमोजिमको दररेट अनुसारको राजश्व नगरपालिकामा दाखिला गरी वातावरण संरक्षण ऐनले निषेध गरेको क्षेत्र बाहेक चिसाङ खोलामा मदन भण्डारी राजमार्गको पुल दक्षिण, कमलपुर किर्तिमान झो.पु. उत्तर, मदन भण्डारी राजमार्गको चिसाङ खोला पुल उत्तर, लामिटार लोखरा झो.पु. दक्षिण र मदन भण्डारी राजमार्गको तेली खोला पुल उत्तर मोटागाँडा सम्मको क्षेत्रबाट मात्र HEAVY EQUIPMENT प्रयोग नगरी संकलन/ निकासी गर्ने। २.उक्त नदिजन्य पदार्थ ढुवानी गर्नको लागि खोलामा भएको बाटो प्रयोग गर्न सकिने। ३.निषेधित क्षेत्रबाट र राजश्व दाखिला नगरी नदिजन्य पदार्थ संकलन/निकासी गरेको पाइएमा प्रचलित कानून बमोजिम कार्वाही गर्ने। ४.नियमित रूपमा अनुगमन गर्ने। (सिफारिस समितिनै अनुगमन समिति रहने) ५.अनाधिकृत रूपमा व्यक्तिबाट क्षेत्र नियन्त्रण गरी रकम असुल्ने कार्य गरेको पाईएमा कानून बमोजिम कार्वाही गर्ने। ६.माथी उल्लेखित निर्णयहरू सम्बन्धित निकायहरूलाई पत्राचार गर्ने। यसको अतिरिक्त देहायको शर्तहरू अनिवार्य लागु गर्ने। देहायः • राजश्व काट्दाको समयमा नदिजन्य पदार्थ झिक्ने मिति र समय तोक्ने। तोकीएको मिति र समय अवधिभित्र मात्र नदिजन्य पदार्थको संकलन तथा व्यवस्थापन गर्न सकिने। • राजश्व काट्न आउँदा व्यवसायीले प्रयोजन खुलाएर निवेदन दिनुपर्ने।
९	घ बर्गको निर्माण इजाजत सम्बन्धमा।	लेटाङ नगरपाललिकाको घ बर्गको निर्माण इजाजतपत्र सम्बन्धी कार्यबिधि,२०७६ बमोजिम घ बर्ग निर्माण इजाजतका लागि सिफारिस भई आएकाले सोहि कार्यबिधिको दफा २ को उपदफा ४ बमोजिम देहायको निर्माण व्यवसायीलाई "घ" वर्ग निर्माण इजाजत प्रदान गर्ने। देहायः • ए ए आर निर्माण सेवा प्रा.ली.- लेटाङ,५

१०	कपाल काट्ने दररेट सम्बन्धमा।	लेटाङ नगरपालिका कपाल काट्ने दररेटको विषयमा प्राप्त गुनासो सम्बन्धमा नगर उपप्रमुख, गुनासो सुन्ने अधिकारी तथा सैलुन सञ्चालकहरू समेतको उपस्थितिमा बसेको समन्वय बैठकको सिफारिस बमोजिम साधारण कपाल काटेको प्रति व्यक्ति दररेट अधिकतम रू१३०/- कायम गर्ने।
११	ई रिक्सा सम्बन्धमा।	लेटाङ नगरपालिकाको समन्वयमा ई रिक्सा चालकहरूसँगको छलफलबाट प्राप्त तथा नगर कार्यपालिकाबाट स्विकृत भएको दररेट कार्यान्वयन तथा थप प्रभावकारीताका लागि मितिः२०८३।०७।१६ गते बिहान ११ बजे जेष्ठ नागरिक तथा उद्दार केन्द्रमा देहाय बमोजिको कार्यक्रम गर्ने। **(श्रोतः विविध कार्यक्रम खर्च)** देहायः • ट्राफिक सचेतना कार्यक्रम संचालन गर्ने। • श्रमिक हितकोषको बारेमा जानकारी गराउने। • ई- रिक्सा चालक ज्याकेट वितरण गर्ने। • भाडा दररेट स्टिकर प्रिन्ट गरी वितरण गर्ने।
१२	सार्वजनिक स्थानमा रहेको निर्माण सामाग्री सम्बन्धमा।	लेटाङ नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थानमा रहेका निर्माण सामाग्री हटाउनका लागि १५ दिने सूचना प्रकाशन गर्ने। अन्यथा नियमानुसार कार्वाहि गर्ने।
१३	व्यवसाय दर्ता/नविकरण र खारेज समबन्धमा।	लेटाङ नगरपालिकामा अवस्थित विभिन्न किसिमका व्यवसायहरूलाई दर्ता/नविकरण नभएकाहरूलाई दर्ता/नविकरणको लागि साथै हाल अस्तित्वमा नरहेको व्यवसायहरूलाई खारेजीका लागि १५ दिने सूचना प्रकाशन गर्ने।
१४	सेवा प्रवाह सम्बन्धमा।	लेटाङ नगरपालिकाको वडा नं ७ भौगोलिक रूपमा विकट साथै उक्त क्षेत्रमा सघन पशुपालन रहेको हुँदा पशुसेवाका लागि आवश्यक न्यूनतम औषधी सहित १ जना जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाह गर्ने।
१५	तटबन्धन सम्बन्धमा।	लेटाङ नगरपालिकामा अवस्थित चिसाङ र तेली खोलाको देहायको क्षेत्रमा तटबन्धन गर्न अति आवश्यक भएकाले सिंचाई तथा जलश्रोत व्यवस्थापन आयोजना, विराटनगर मोरङलाई योजना माग सिफारिस गर्ने। देहायः

क्र.सं.	योजनाको नाम	रकम	कैफियत
१	चिसाङ नदि नियन्त्रण तथा सिचाई आयोजना(लेटाङ-१,२,३,६)	२ करोड	क्रमागत
२	तेली खोला तटबन्धन (लेटाङ-८,९)	१ करोड	क्रमागत

१६	सडक मर्मत संभार सम्बन्धमा।	नेपाल सरकारको शहरी सडक मर्मत सुधार तथा सडक सुरक्षा कार्यक्रम अन्तर्गत मोरङ जिल्ला स्थित न.पा.हरु र गा.पा.हरुमा नियमित मर्मत तथा आवधिक मर्मत (माग र आवश्यकता अनुसार) शिर्षक अन्तर्गत लेटाङ नगरपालिका वडा नं. २ को लम्साल टोल देखि किराँत चोक सम्म सडक मर्मत संभारका लागि रू५०००००/- (पचास लाख मात्र) बजेट संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय मोरङलाई माग गर्ने।
१७	भुक्तानी सम्बन्धमा।	१.लेटाङ नगरपालिकाको आदेश बमोजिम दुर्घटना भएको बेवारीसे व्यक्तिको उपचारका लागि विराटनगर कोशी अस्पतालमा पठाइएकोमा एम्बुलेन्स भाडा रू५०००/- र विपन्न नागरिक श्री लक्ष्मण राईलाई बिद्युत सर्किटबाट दुर्घटना भई

लेटाङ नगरपालिका नगर कार्यपालिकाको मिति २०८३/०७/१३ गतेको बैठकको निर्णयः

		उपचारका लागि कोशी अस्पताल पुर्याउँदाको लागत रू५०००/- गरी जम्मा रू१००००/- भुक्तानी प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष) २.लेटाङ नगरपालिका वडा नं ६ को सिफारिस बमोजिम जिवन बचाउ उपचार सेवा गृह पूर्नस्थापना केन्द्र, उर्लाबारीमा रही उपचाररत मन कुमार लावतीको छोरा श्री सुशिल लिम्बुको पारिवारीक अवस्था कमजोर भएकाले निजलाई उपचार केन्द्रको शुल्क भुक्तानीका लागि रू१७०००/- भुक्तानी प्रदान गर्ने। (श्रोतः विपन्न नागरिक औषधी उपचार सहयोग)
१८	आर्थिक सहयोग सम्बन्धमा।	१.नेपाल मगर सांस्कृतिक संघ केन्द्रिय समितिको माग निवेदन बमोजिम मगर संघको प्रथम राष्ट्रिय मौलिक हुर्रा सम्मेलन – २०८३ संचालनका लागि रू५००००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतःविभिन्न भाषा, कला, साहित्य, संस्कृति तथा पर्व मेला उत्सव, महोत्सव संरक्षण तथा प्रवर्धन विविध कार्यक्रम खर्च) २.ब्रदरहुड नेपाल उदयपुरको सहयोग माग सम्बन्धमा तेश्रो बेलका गोल्डकप फूटवल प्रतियोगिता २०८३ का लागि रु१५०००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः विविध कार्यक्रम खर्च)
१९	नदि नियन्त्रण तथा तटबन्धन सम्बन्धमा।	१.लेटाङ नगरपालिका वडा नं २ झुरपाल टोल सिरान धोवी चिसाङ खोलामा तटबन्धन अति आवश्यक भएको भनी वडा कार्यालयको माग तथा प्राविधिक लागत अनुमान बमोजिम रू९००००/- बजेट बिनियोजन गर्ने। (श्रोतः नदि नियन्त्रण तथा तटबन्धन) २.लेटाङ नगरपालिका वडा नं १ को माग बमोजिम तल्लो लोखरा र तुर्के खोलामा तटबन्धनका लागि बजेट माग भई आएको हुँदा उक्त कार्य गर्नका लागि रू३००००/- बजेट बिनियोजन गर्ने। (श्रोतः नदि नियन्त्रण तथा तटबन्धन)
२०	१० शैयाको लेटाङ नगर अस्पताल सञ्चालन अनुदान तथा आवश्यक मेडिकल जन्य सामाग्री माग सम्बन्धमा	यस लेटाङ नगरपालिका वडा नं. ५ मा निर्माण सम्पन्न भई मिति २०८३/०४/२२ गते हस्तान्तरण भई मिति २०८३/०५/१५ गते नगर प्रमुख ज्यूको बाहुल्यकाट विधिवत उद्घाटन भएको लेटाङ नगर अस्पतालबाट स्वास्थ्य सेवा सुचारु भई रहेको र सेवाग्रहीहरुको चाप दिनदिनै बढ्दो अबस्थामा रहेकोहुदा गुणस्तरीय स्वास्थ्य सेवा सहज तरिकाबाट सेवाग्राही समक्ष पुर्याउन थप स्वास्थ्य जनशक्ति, पूर्वाधार तथा मेडिकल जन्य सामाग्रीहरुको आवश्यकता पर्ने हुदा श्री स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, सिंहदरबार काठमाण्डौं र स्वास्थ्य सेवा विभाग समक्ष संघीय शसर्त अनुदान स्वरुप अनुदान रकम र आवश्य मेडिकल जन्य सामाग्रीहरू माग गर्ने।
२१	सामुदायिक सर्पदंश उपचार सेवा केन्द्रमा सेवारत स्वास्थ्य प्राविधिकहरुलाई खाजा तथा प्रोत्सान रकम सम्बन्धमा।	लेटाङ नगरपालिका वडा नं. ४, पूर्वी पूतना तालिम शिक्षालयमा सञ्चालनमा रहेको सामुदायिक सर्पदंश उपचार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि पालिकाबाट रु५००००/- रकम विनियोजन भएको छ। उक्त रकम मध्येबाट शिक्षालयका २ जना स्वास्थ्य प्रविधिकलाई दैनिक रुजु हाजिरीको दरले रु २०० प्रति व्यक्ति खाजा खर्च र चिकित्सकलाई अनकलमा ड्युटीमा खटिएबापत प्रति विरामी रु १००० प्रोत्सान भत्ता उपलब्ध गराउने।
२२	सामाग्री उपलब्ध गराउने सम्बन्धमा।	ब्रह्माकुमारी राजयोग उप-सेवा केन्द्रलाई (२८ फुट चौडाई ४० फुट लम्बाई) भएको कार्पेट खरिद गरी उपलब्ध गराउने। (श्रोतः फर्निचर फिक्चर्स)
२३	नगर प्रहरी पोषाक भत्ता सम्बन्धमा।	लेटाङ नगरपालिका कार्यरत नगर प्रहरीहरूको २४ सै .घण्टा डिउटी रहने साथै निजलहरूले विभिन्न किसिमका पोषाकहरू लगाउन आवश्यक रहेकाले निजहरूलाई

		वर्षमा एक पटक पोषाक भत्ता चैत्र महिनामा रू१७०००/- उपलब्ध गराउने।
२४	सेनिटरी प्याड खरिद सम्बन्धमा।	सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापन सम्बन्धमा प्याडको आपूर्ति निर्धारित गुणस्तर कायम गर्न (विगत केहि आर्थिक प्याडको गुणस्तरको विषयमा अधिक जनगुनासो प्राप्त भएकोले) साथै यस कार्यालयमा विद्यालयमा वितरण प्रयोजन आवश्यक सेनिटरी प्याड परिणाम समेत सोझै खरिद बिधिको सिमाभित्रबाट खरिद गर्न सकिने देखिएकाले सोझै खरिद बिधिबाट सेनिटरी प्याड खरिद गर्न निर्देशन दिने।
२५	खेलकुद विकास समिति सम्बन्धमा।	लेटाङ नगरपालिका खेलकुद विकास समितिको कार्यपालिकाले मनोनयन गर्नुपर्ने पद रिक्त रहेको हुँदा लेटाङ नगरपालिका नगर खेलकुद विकास ऐन,२०७९ को दफा ३ को उपदफा २(ख) बमोजिम देहायको कार्यपालिका सदस्यलाई खेलकुद विकास समितिको सदस्य तोक्ने। देहायः भिमप्रसाद पोखेल – लेटाङ ८ नं वडा अध्यक्ष अमिता राई – कार्यपालिका सदस्य
२६	अस्पताल कर्मचारी विज्ञापन समबन्धमा	लेटाङ नगरपालिका नगर अस्पतालको माग बमोजिम देहायको कर्मचारीहरूको करारमा पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने। देहायः

क्र.सं.	पद	तह	संख्या
१	बि.एम.एल.टि. (BMLT)	सातौं	१
२	ल्याब असिस्टेन्ट	चौथो	१
३	अ.न.मी.	चौथो	२

२७	आर्थिक विकास समितिलाई जिम्मेवारी प्रदान गर्ने।	लेटाङ नगरपालिका वडा नं ४ को मासु पसलहरूलाई व्यवस्थित गर्नका लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न लेटाङ नगरपालिका आर्थिक विकास समितिलाई जिम्मेवारी प्रदान गर्ने।
२८	विपद् व्यवस्थापनको भुक्तानी सम्बन्धमा।	१.लेटाङ नगरपालिका वडा नं ८ को कार्यालयको सिफारिस पत्र अनुसार लेटाङ जाँते पिपल बोट सडक वर्षातको समयमा पानी तथा भेलले सडक बगाएकोले दुर्घटना जोखिम देखिएकोले प्राविधिक लागत अनुमान, सर्जमिन मुचुल्का, प्राविधिक मुल्याङ्कन बमोजिम लागेको लागत रू८७४६८।७८ भुक्तानी प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष) २. लेटाङ नगरपालिका वडा नं ८ को कार्यालयको सिफारिस पत्र अनुसार लेटाङ ज्यामिरे अँधेरी सिखरपुर सडक वर्षातको समयमा पानी तथा भेलले सडक बगाएकोले दुर्घटना जोखिम देखिएकोले प्राविधिक लागत अनुमान, सर्जमिन मुचुल्का, प्राविधिक मुल्याङ्कन बमोजिम लागेको लागत रू९१२०५।५९ भुक्तानी प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष)
३०	नौमती बाजाको भुक्तानी समबन्धमा।	लेटाङ नगरपालिका वडा दशैंको अवसरमा फुलपाती भित्र्याउने कार्यका लागि नगर प्रमुख स्तरीय निर्णय भई नौमती बाजा ल्याएकोमा उक्त कार्यको लागत रू२०००/- भुक्तानी प्रदान गर्ने। ((श्रोतःविभिन्न भाषा, कला, साहित्य, संस्कृति तथा पर्व मेला उत्सव, महोत्सव संरक्षण तथा प्रवर्धन विविध कार्यक्रम खर्च)